केकीको ठेकीको दहीलाई १० लाख ! पृष्ठ ६

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



sfof{noM
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
;Dks{g+
९८०७२९५०७२
OdhM
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१०, ● अंक-२५, ● २०७४ पौष १७ गते सोमबार, ● 01 Jan., 2018, ● नेपाल सम्वत्-११३८, ● पृष्ठ-६, ● मूल्य रु. ५/-

## जिल्ला अध्यक्ष विष्ट माओवादीमा प्रवेश



◆ विकास संवाददाता

राष्ट्रिय जनमोर्चाका मकवानपुरका जिल्ला अध्यक्ष लक्ष्मण विष्ट नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । विष्ट काठमाण्डौ स्थित माओवादी अध्यक्ष प्रचण्ड निवासमा एक कार्यक्रमकाबीच पार्टी प्रवेश गरेका हुन् । उनी संगै मकवानपुर का पूर्व स्थानीय विकास अधिकारी भुवन प्रकाश विष्ट पनि माओवादीमा प्रवेश गरेका छन् । दुवै जनालाई माओवादी पाटी अध्यक्ष पुष्पकमल प्रचण्डले टीका लगाएर प्रवेश गराएका थिए ।

पार्टी प्रवेश कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्ट, नारायणी यातायात व्यवशायी संघका सरोज खनाल, माओवादीका विष्णु विष्ट 'आदर्श', मकवानपुर १ (क) की प्रदेश सभा सदस्य कुमारी मोक्तान लगायत सहभागी थिए ।

# परम्परा जोगाउन युवा जुटे

◆ जनक लामा
थाहानगर

नेवारी समुदायमो परम्परागत बाजा धिमेको संरक्षणमा पालुङ्का युवा जुटेका छन् । धिमे जोगाउने अभियान स्वरूप उनीहरूले धिमे बाजा बजाउन सिकेका छन् । मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर २ युवाहरू अहिले आफ्नो धर्म संस्कृति जोगाउन लागी परिरहेका हुन् । गाउँकै हातेमालो युवा समितिको आयोजनामा ३ महिने धिमे बजा तालिम भइरहेको छ ।

धिमे बाजा सिक्न कम्तीमा पनि ६ महिना लाग्ने भए पनि ६ महिना नै बस्न नसकिने भएकोले अहिले ३ महिना मात्रै सिकाउन लागेको आयोजक समितिले जनाएको छ । तालिममा पालुङ नेवार समुदायको २५ जनाको सहभागिता रहेको छ । तालिममा काठमाण्डौ किर्तिपुरबाट हरेक हप्ताको १ दिन हरि गोपाल श्रेष्ठ, लक्ष्मण महर्जन, विजय महर्जन, राजन महर्जन, धनेष महर्जन, र नरेश महर्जन गरि ६ जना आउने गरेको हातेमालाका सदस्य प्रमोदकुमार श्रेष्ठले जानकारी दिए ।

वर्तमान समयका पुस्ता संस्कृतिबाट टाढा गएकोले आफ्नो धर्म संस्कृति र जातिय अस्तित्व जोगाउनको लागि तालिमको आयोजना गरिएको हातेमालो युवा समितिका सल्लाहकार तथा गाउँकै स्थानिय मधुकर विक्रम श्रेष्ठले बताए ।करिब ५ वर्ष पहिले सम्म महिलालाई त्यस्तो धार्मिक क्रियाकलापमा समवेश नगराए पनि अहिले भने महिलाहरू धिमे बाजाको तालिम लिदै छन् । त्यस बेलाको रूढीबादी परम्परालाई अन्त्य गर्नको लागि हामीले बुढापाकालाई धेरै सम्झाउने प्रयास गर्नुपर्‍यो र अहिले महिला समाबेश गराइएको सल्लाहकार श्रेष्ठले बताए । साथै उनले सिकाई प्रभाकारी भइरहेको बताए ।

तालिममा सहभागी महिला प्रमिला श्रेष्ठले आफ्नो संस्कृति जोगाउन कै लागि समाजमा महिलाको भूमिका पनि महत्वपूर्ण हुने कुरा जनाउनको लागि पनि तालिममा सरिक भैरहेको बताए । बुढापाकाले महिलाले यस्तो बाजा बजाउन हुदैन के के हुन्छ भने पनि अहिले आफू र आफू जस्तै महिलाहरूले सिकिरहदा त्यस्तो केही नभएको उनको बुझाई छ ।



समाजमै रहेर केही गर्न सकिने भन्दै सबै जना मिलेर तालिमको आयोजना गरिएको हातमालो समितिका अध्यक्ष रमन श्रेष्ठले बताए । तालिमको लागि आफू सहित अन्य साथीहरू र गुरूहरूबाट सहजिकरण भईरहेको उनको भनाई छ । समितिका सदस्य प्रमोद श्रेष्ठको अनुसार संस्कार र संस्कृतिले मानिसलाई सभ्य बनाउने भन्दै सकारात्मक सोचाका अनुसार तालिमको आयोजना गरिएको बताए ।

करिब ८५ घरधुरी रहेको नेवार समुदायको धेरै संस्कृति भने लोभ भएर गईसकेका छन् । शिबरात्री गुठी भोज, घोडे जात्रा अन्तरगतको गुठी, धैवाजी गुठी, युनी पुजा लगायतका संस्कृति लोभ भईसकेको छ । त्यसैगरि नेवार समुदायको सबैभन्दा ठूलो सना गुठी, जेष्ठ पुर्णिमाको गुठी, कार्तिक पूर्णि गुठी समेतको संस्कृति नाश भईसकेको श्रेष्ठको भनाई छ ।

आर्थिक, युवा पलायन, गुठीको जग्गा मोहिको नाममा नामसारी लगायत कार णले पनि धेरै संस्कृति मासिएको समुदायका अगुवाहरूको भनाई छ ।

## स्वर्ण महोत्सव भव्य र सभ्य बनाउने संकल्प

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकास्थित जनकल्याण माध्यमिक विद्यालयले स्वर्ण महोत्सवलाई सभ्य र भव्य मनाउने संकल्पसहित तयारी तीव्र पारिएको छ । वि.सं. २०२५ सालमा स्थापना भएको यस विद्यालयले माघ महिनालाई जन्म महिनाका रूपमा मनाउने गरि सप्ताहब्यापी कार्यक्रमको आयोजना गर्दैछ ।

विद्यालयका प्राचार्य सानोभाइ कार्कीले माघ १५ गते स्वर्ण महोत्सवको उद्घाट



गरिने र माघ २१ गते नेपालकी प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा बिशेष कार्यक्रम गरेर समापन गर्ने तयारी भइरहेको बताए ।

स्वर्ण महोत्सवको तयारी तथा विद्यालयको शैक्षिक सेवा वृद्धि र थप विस्तारबारे काठमाडौंमा १५ पौषमा भएको कार्यक्रममा प्राचार्य कार्कीले बौद्धिक र नीतिगतसहितका सहयोगका लागि आग्रह समेत गरे ।

मकवानपुर जिल्लाको उत्तरी क्षेत्रको पहिलो एवं मकवानपुर जिल्लाको तेस्रो माध्यमिक विद्यालयको रूपमा २०२५ सालमा स्थापित यो बिद्यालयले व्याबसायिक शिक्षामा जोड दिँदै कृषि जस्ता प्राविधिक बिषयलाई माध्यामिक तहमै हाल कक्षा ९ र १० मा अध्यापन

बाँकी पृष्ठ ४ मा

सम्पूर्ण स्थानीय खबरका लागि क्लिक गर्नुहोस्:
www.bikaskhabar.com
समाचार प्रकाशन तथा विज्ञापनको लागि सम्पर्क:
९८०७२९५०७२

JolQmut 36gf btf{;DaGwL h?/L ;'rgf Û

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

yfxf gu/kflnsf
gu/ sfo{kflnsfsf] sfof{no
OGb|o0fLrf}, dsjfgk'/

नेपाल सरकारको सूचना Û

हाम्रो हरेक कदमहरु राष्ट्रिय स्वार्थबाट प्रेरित हुने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
;'rgf tyf ;~rf/ dGqfno
सूचना विभाग

## सम्पादकीय

# स्थानीय सरकारको पनि उही ताल भो!

राज्यपुनर्संचरनासँगै नेपालमा तीन तहमा सरकार रहने व्यवस्था गरिएको छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारमध्ये अघिल्ला दुई सरकार बन्ने क्रममा छन् भने स्थानीय सरकार बनिसकेको छ। दोस्रो र तेस्रो चरणमा भएका चुनावको परिणाम आएको समेत अवधि हेर्दा स्थानीय तहले जनप्रतिनिधि पाएको पाँच महिना पूरा भएको छ। स्थानीय सरकारले चालु आर्थिक वर्षको पहिलो चार महिनाको अवधि पार गरिसकेको छ। अर्थात पहिलो चौमासिक सकियो । सरकारका लागि एक चौमासिक कम समय होइन। यो प्रगति मापन गर्ने पर्याप्त समय हो । तर पहिलो चौमासिकमा स्थानीय तहहरुले राम्रो नतिजा दिन सकेनन् । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको पहिलो चार महिनामा विनियोजित बजेटको १५ प्रतिशत मात्रै बजेट खर्च भएको छ । आर्थिक वर्ष २०७४/०७५ को प्रथम चौमासिकका लागि विनियोजित ८२ अर्ब ५४ करोड ३९ लाख ९३ हजार बजेटमध्ये १२ अर्ब ५३ करोड ५५ लाख ६४ हजार बजेट मात्रै खर्च भएको छ। यसले स्थानीय तहको कार्य सम्पादन क्षमतामाथि प्रश्न उठेको छ।

साउनयताको चार महिनामा विनियोजित ६९ अर्ब ९१ करोड ८४ लाख २९ हजार बजेट खर्च हुन नसक्नु गम्भीर सवाल हो। दिनको संकेत बिहानीले गर्छ भनेजस्तै यो पहिलो चौमासिक कार्य सम्पादनले स्थानीय तहका जनप्रतिनधि र कर्मचारीको कार्य क्षमतामाथि गम्भीर प्रश्न खडा गरेको छ। यो खर्च भएको पनि वार्षिक बजेटको १५ प्रतिशत होइन, चौमासिकका लागि छुट्याएको बजेटको १५ प्रतिशत हो। यही गतिमा बाँकी दुई चौमासिकमा पनि काम भयो भने वर्षभरि नै कम बजेट खर्च हुने खतरा देखिएको छ।

स्थानीय तहलाई हेर्ने सवालमा तल माथि दुबैतिरबाट नयाँपनको खोजी हुन सकेको छैन। एकातिर स्थानीय तहहरुले पर्याप्त बजेट परिचालन गर्न सकेनन् भने अर्कोतिर सरकारले कर्मचारी व्यवस्थापनमा पनि निकै ढिलासुस्ती गरिरहेको छ। सरकारले स्थानीय तह गठन भएको आधा वर्ष पुग्दा पनि नयाँ कर्मचारी पठाएको छैन। मुलुकभरका सात सय ५३ वटा स्थानीय तहमा ३६ हजार कर्मचारी आवश्यक रहेको स्वयं मन्त्रालयले स्वीकार गरेको छ भने पठाउन सकिरहेको छैन। कर्मचारी समायोजनमा निकै ढिलासुस्ती भइरहेको छ। यो पुरानै पाराले राज्यपुनर्संरचनाको मर्म पूरा गर्न सकिदैन। नेपालमा राज्यपुनर्संरचना भएको परिवर्तनका लागि हो। जनतामा परिवर्तनको अनुभूति दिलाउनका लागि हो। स्थानीयस्तरमा देखिएका तमाम समस्या स्थानीय तहबाटै समाधान गर्न भनेर संविधानमै व्यवस्था गरेर स्थानीय तहलाई २२ वटा अधिकार प्रत्यायोजन गरिएको छ। स्थानीय तहले आफैमा सरकारको मान्यता पाएका छन्। यति ठूलो संरचनागत परिवर्तनलाई व्यवहारमा लागु गर्ने पुरानै सोच र चिन्तनले अघि बढ्न सकिदैन। अहिले सरकारले वित्तीय हस्तान्तरणमार्फत ठूलो परिमाणमा बजेट स्थानीय तहलाई पठाएको छ। यसको सही परिचालन र सदुपयोग हुन सकेन भने एकातिर स्थानीय तह सञ्चालनमा प्रश्न त उठ्ने नै छ, यसले समग्र राज्य पुनर्संरचनाको औचित्यमाथि पनि शंका उत्पन्न गराउनेछ। त्यसैले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी नयाँढंगबाट परिचालित हुन जरुरी देखिएको छ भने संघीय सरकारले पनि स्थानीय सरकारलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक कानून र जनशक्ति तयार पार्नु आवश्यक छ।


### yfxf gu/kflnsfsf] lzv/ sf]6 sfp06/af6 lbjf a; ;]jf

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### dxTjk0f{ 6]lnkmf]g gDa/x?

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# रेडियो नियन्त्रण गर्ने गलत नीति



–ljls cfrfo{

'व्यक्तिव्यक्ति मिलेर समाज बन्छ तर त्यही समाज व्यक्तिगत जीवनको शत्रु बनिदिन्छ । समाजले तपाईंलाई एक्लोपन, आशंका, अपमान र निराशा मात्रै दिन्छ । तपाईं ओरालो लाग्दा समाजले झन् तल तल खेद्छ । तर त्यही समाजमा बाँच्नुको विकल्प तपाईंसँग छैन ।' समाचार प्रसारणमा रोक लगाउँदै १९ माघ २०६१ मा शाही कु भएपछि धेरै रेडियोकर्मीले समाचार वाचन छोडेर यस्तै खालका जानकारी दिने कार्यक्रम चलाएका थिए । तत्कालीन सरकारको पहिलो हस्तक्षेप नै भर्खरभर्खर प्रसिद्धि पाउँदै गरेका एफएम रेडियोमा भएको थियो । रेडियोमा सुरक्षाकर्मी तैनाथ हुने उपकरणसमेत जफत गर्ने काम भयो । पछि सर्वोच्चको आदेशसँगै समाचार प्रसारण फुकुवा भयो । यो त एउटा उदाहरण मात्रै हो । एफएम रेडियोको शक्तिदेखि डराएर पटकपटक सरकारले नियन्त्रणमुखी कदम चाल्दै आएको छ, यो अहिले पनि जारी छ । अहिले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधिमार्फत एफएम रेडियोको प्रसारण इजाजत, नवीकरण, समन्वय, अनुगमनलगायतका विषयलाई व्यवस्थित गर्न स्थानीय तहलाई जिम्मा दिएको छ । कार्यविधि संविधानसँग बाझिएको छ भने यसले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने भन्दै पत्रकार महासंघ र सामुदायिक रेडियो प्रसारक संघले विज्ञप्तिमार्फत विरोध पनि गरिसकेका छन् । स्थानीय तहलाई संविधानमा व्यवस्था भएबमोजिम अधिकार सम्पन्न बनाउने विषय सकारात्मक हो तर त्यस बहानामा प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयास गर्नु गलत हो ।

एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) का लागि बनेको कार्यविधि २०७४ मा स्थानीय तहले निश्चित सर्त राखी सो अनुरूप नभए एफएम रेडियो बन्द गर्ने वा इजाजत खारेज गर्नसक्ने उल्लेख छ । कार्यविधिको प्रस्तावनामै एफएम रेडियो सञ्चालनको अनुमति, नवीकरण र नियमन गर्न कार्यविधि व्यवस्था वाञ्छनीय भएको उल्लेख छ । स्थानीय गाउँसभा नगरसभाले कार्यविधि बनाई लागू गर्नसक्ने अधिकार दिंदा गाउँसभा तथा नगरसभाका पदाधिकारीले चाहेमा विभिन्न बहानामा भएका रेडियो बन्द गर्ने र आफ्ना पक्षमा प्रचार गर्नका लागि नजिकका कार्यकर्तालाई रेडियो चलाउन अनुमति दिने सम्भावना हुन्छ । एफएम सञ्चारको विज्ञानलाई नै नबुझेको स्थानीय तहलाई यस्तो अधिकार दिंदा बाँदरको हातमा नरिवलजस्तो नहोला भन्न सकिन्न ।

नयाँ दर्ता हुने र चालू एफएम रेडियोका कार्यक्रमको रेखदेख र सञ्चालन नीति निर्माण गर्ने अधिकार गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई दिइएको अवस्थामा त्यसका विज्ञलाई सबै स्थानीय तहमा सरकारले खटाउन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि टड्कारो देखिन्छ । एउटा रेडियो कार्यक्रम सञ्चालन गर्दा पनि स्थानीय सरकारको अनुमति लिनुपर्ने व्यवस्था कार्यवधिमा उल्लेख छ । संविधानको धारा १९ मा विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै श्रव्यदृश्य सामग्रीको प्रकाशन, प्रसारण र सूचना प्रवाहमा पूर्व प्रतिबन्ध लगाउन नपाइने ग्यारेन्टी गरिएको अवस्थाको यो कार्यविधिले खिल्ली उडाएको छ ।

समुदायको लगानी र सक्रियतामा खुलेका सामुदायिक रेडियोलाई हतोत्साहित गर्ने र तिनीहरूलाई कमजोर बनाउने काम यो कार्यविधिले गरेको सामुदायिक रेडियो प्रसारक संघका साथै अन्य रेडियो प्रसारकहरु बताउँछन् । एक सय वाटको स्थानीय सरकार र १ हजार वाटसम्मको प्रसारण अनुमतिपत्र प्रदेश सरकारले दिन पाउने व्यवस्था गरिएको छ । एफएम सञ्चालनका लागि फ्रिक्वेन्सी दिने अधिकार भने केन्द्र सरकारले राखेको छ । अनुमतिपत्र लिनेसँगै नवीकरणलगायतका अन्य कामकारबाही पनि स्थानीय तहबाटै हुने भएकाले सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रमा स्थानीय विकास मन्त्रालयले काम गर्न खोजेको मन्त्रालयका कर्मचारीहरु बताउँछन् । स्थानीय सरकार आफैंले रेडियो सञ्चालन गर्दा प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुने प्रस्ट देखिन्छ ।

सूचना विभागको तथ्यांक हेर्ने हो भने अहिले देशभरि तीन सय १५ सामुदायिक रेडियो र २ सय ७ व्यावसायिक रेडियो सञ्चालनमा रहेका छन् । ती रेडियोको दीगोपनमा सहयोग गरेर उनीहरूलाई स्थानीय विकासमा केन्द्रित गर्ने खालको नीति अपनाउनुपर्नेमा सरकार झन् ती रेडियोलाई कमजोर बनाउने दिशामा अग्रसर भएको आभास हुन थालेको छ । देशभरि खुलेका एफएम रेडियोले श्रोतालाई स्थानीय स्वाद दिनुका साथै नागरिकको सूचनाको हक एवं अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्ने माध्यम दिएका छन् । सरकारले गर्नुपर्ने सूचनाको हकलाई प्रत्याभूति गर्नुपर्ने कामलाई समुदाय आफैले स्वत:स्फूर्तरूपमा गरिरहेको अवस्थामा ती रेडियोलाई सहयोग गर्ने काम सरकारले गर्नुपर्ने हो तर त्यो शक्तिलाई कमजोर बनाउने काम हुँदै छ । ती रेडियोहरूले स्थानीय भाषामा स्थानीय नागरिकले बुझ्ने गरेर सूचना तथा जानकारी प्रस्तुत गरिरहेका छन् । स्थानीय संस्कृतिको संरक्षणका साथै सकारात्मक सामाजिक रुपान्तरणमा समुदायिक रेडियो तथा स्थानीय रेडियोले ठूलो भूमिका खेलेका छन् । साथै गाउँ तथा टोलमा भएका समस्यालाई नीतिगत तहमा ल्याउने पुलको काम ती रेडियोले गरिरहेका छन् । अहिले नै सरकारले फ्रिक्वेन्सी व्यवस्थापन गर्न नसक्दा एफएम रेडियोको फ्रिक्वेन्सी जुधेर श्रोतालाई सुन्नलाई समस्या भएको छ भने स्थानीय तहले नयाँ रेडियोका लागि अनुमति दिंदै जाँदा कति धेरै समस्या होलान् ? सहजै अनुमान गर्न सकिन्छ । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि पनि आफ्ना कुरालाई सजिलै एफएम रेडियोबाट प्रचार गर्न पाइन्छ भनेर नयाँ एफएम रेडियो खोल्ने तयारीमा छन् । भएका रेडियोको दिगोपन र गुणस्तरीयता बढाउनका लागि सहयोग गर्नुपर्नेमा भएका रेडियोलाई कमजोर बनाउनेतर्फ स्थानीय तह र स्थानीय विकास मन्त्रालय लागेको पाइन्छ । सरकारी निकायबाटै रेडियो सञ्चालन भए पनि त्यो सरकारको मुखपत्र मात्रै हुनेछ र त्यसले स्वतन्त्र पत्रकारिताको धर्म निर्वाह गर्न सक्दैन भन्ने कुरा पनि बेलैमा बुझ्नुपर्छ ।

> स्थानीय तहले अहिले सञ्चालनमा रहेका एफएम रेडियोलाई केही आर्थिक सहयोग गरेर विकास निर्माणको साझेदार र विकासको मूल्यांकन र अनुगमन गर्ने पहरेदारका रुपमा स्थानीय एफएम रेडियोलाई प्रयोग गर्न सक्छन् । स्थानीय तहमा निर्वाचित भएका र अब प्रदेशसभामा निर्वाचित हुने जनप्रतिनिधिले विकासको विकेन्द्रीकरण र स्थानीय सुशासन कायम गर्नका लागि रेडियोलाई साझेदार बनाउने र रेडियोको स्वतन्त्रताको सम्मान गर्ने नीति बनाउनका लागि सहयोग गर्नुपर्छ

अहिलेसम्मको नेपाली रेडियोको इतिहास खोतल्दा पनि हैकमी प्रवृत्ति हाबी भएको देखिन्छ । सर्वसाधारणले रेडियो राख्न पाउने गरी पद्मशमशेरले फुकुवा हुकम दिए भन्ने समाचार ८ साउन २००३ मा गोरखापत्रमा प्रकाशित भएको पाइन्छ । काशीराज पाण्डेले द्वितीय विश्वयुद्ध लडेर फर्केका नेपालीले युद्धमा प्रयोग गरेको वायरलेसबाट रेडियो प्रसारण सुरू गरे । नेपाल ब्रोडकास्टिङको नाममा तत्कालीन बिजुली अड्डाबाट १४ माघ २००३ मा यो प्रसारण सुरू गरियो । यो प्रसारणबारे २१ माघ २००३ को गोरखापत्रले नेपालमा रेडियो स्टेशन शीर्षकमा एउटा सम्पादकीय पनि लेखेको पाइन्छ ।

भोजपुर शाखामा भएको आकाशवाणीको सेटबाट नेपाली कांग्रेसका मुक्ति सेनाले २००७ मंसिरको अन्त्यमा रेडियो प्रसारण गरे, त्यसपछि २० गतेदेखि विराटनगरको जुटमिलबाट मुक्तिसेनाले प्रजातन्त्र नेपाल रेडियो प्रसारण गरेको थियो । त्यसैलाई २० चैत २००७ बाट सिंहदरबारभित्र ल्याएर नेपाल रेडियोको रूपमा प्रसारण गर्न थालियो ।

तर निजी तथा सामुदायिक रेडियो खोल्न भने २०४९ मा राष्ट्रिय सञ्चार

> स्थानीय गाउँसभा नगरसभाले कार्यविधि बनाई लागू गर्नसक्ने अधिकार दिंदा गाउँसभा तथा नगरसभाका पदाधिकारीले चाहेमा विभिन्न बहानामा भएका रेडियो बन्द गर्ने र आफ्ना पक्षमा प्रचार गर्नका लागि नजिकका कार्यकर्तालाई रेडियो चलाउन अनुमति दिने सम्भावना हुन्छ । एफएम सञ्चारको विज्ञानलाई नै नबुझेको स्थानीय तहलाई यस्तो अधिकार दिंदा बाँदरको हातमा नरिवलजस्तो नहोला भन्न सकिन्न ।

*बाँकी पृष्ठ ३ मा*

## रेडियो नियन्त्रण . ... .... .

नीति आएपछि मात्रै सुरसार गरियो । यो सञ्चार नीतिले निजी क्षेत्रलाई प्रसारण अनुमति दिएपछि यही नीतिअन्तर्गत राष्ट्रिय प्रसारण ऐन, २०४९ बन्यो । राष्ट्रिय प्रसारण ऐन २०४९ को प्रावधानअनुसार बनेको राष्ट्रिय प्रसारण नियमावली २०५२ लाई टेकेर स्वतन्त्र रेडियोको स्थापना र सञ्चालन हुँदै आएको छ । तर बेलाबेलामा सरकारले ती रेडियोलाई कमजोर बनाउने काम गर्दै आएको छ ।

संविधान, नीति, ऐन र नियम हुँदाहुँदै पनि नेपालको पहिलो स्वतन्त्र रेडियो प्रसारण सेवा रेडियो सगरमाथाले अनुमति पाउन धेरै किसिमको दबाब, लबिङ गर्दै पाँच वर्ष संघर्ष गर्नुपरेको थियो । त्यसपछि खुलेको सामुदायिक रेडियोले पनि प्रसारण अनुमतिकै लागि पनि निक्कै कष्ट भोग्नुपर्‍यो । यसरी इतिहास हेर्दा, राणाशासन, प्रजातन्त्र, शाही सरकार र लोकतान्त्रिक सरकार जुनसुकै समयमा पनि रेडियोको घाँटी निमोठ्ने काम रेकिएको छैन । त्यसैले रेडियोसम्बन्धी स्पष्ट कानुन बनाएर जनस्तरबाट खुलेका रेडियोलाई सरकारले सहयोग गर्नुपर्छ ।

स्थानीय तहले अहिले सञ्चालनमा रहेका एफएम रेडियोलाई केही आर्थिक सहयोग गरेर विकास निर्माणको साझेदार र विकासको मूल्यांकन र अनुगमन गर्ने पहरेदारका रूपमा स्थानीय एफएम रेडियोलाई प्रयोग गर्न सक्छन् । स्थानीय तहमा निर्वाचित भएका र अब प्रदेशसभामा निर्वाचित हुने जनप्रतिनिधिले विकासको विकेन्द्रीकरण र स्थानीय सुशासन कायम गर्नका लागि रेडियोलाई साझेदार बनाउने र रेडियोको स्वतन्त्रताको सम्मान गर्ने नीति बनाउनका लागि सहयोग गर्नुपर्छ । नेपालका सामुदायिक रेडियोले निर्वाह गरिरहेको भूमिकालाई विश्वमै नमूना मानिन्छ । यसैले यस्ता सामुदायिक रेडियोका लागि राष्ट्रिय सञ्चार नीतिले निर्दिष्ट गरेअनुसारको छुट्टै कानुन बनाएर उनीहरूको दिगोपनका लागि योगदान पुग्ने हिसाबले काम गर्न सक्नुपर्छ ।

*(आचार्य सामुदायिक रेडियोहरूको नेटवर्क सीआईएनका प्रमुख हुन् )*

# जिशिका सहित विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण हुने

स्थानीय तहको अधिकार कार्यानवयनका लागि हाल जिल्लामा भएका जिल्ला शिक्षा कार्यालय सहितका विषयगत कार्यालयहरू आगामी असार मसान्त सम्म स्थानीय तहमा हस्तान्तरण हुने भएका छन् ।

सङ्घीय सरकारका केही एकाइबाहेक जिल्लाका सबै विषयगत कार्यालय खारेज भई स्थानीय तहमा हस्तान्तरण गर्ने गरी तयारी भएको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रण कार्यालयबाहेक जिल्लाका अन्य विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण हुनेछन् ।

हाल जिल्लामा रहेका कृषि, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, घरेलु तथा साना उद्योग, खानेपानी, डिभिजन सडक कार्यालय, सहकारी, पशु, भू तथा जलाधार, जल उत्पन्न प्रकोप नियन्त्रण, मालपोत र नापी लगायतका विषयगत कार्यालय जिल्लामा खारेज भई स्थानीय तहमा हस्तान्तरण हुने गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले योजना बनाएको छ । मन्त्रालयले तयार पारेको प्रस्तावमा जिल्लामा रहेका सङ्घीय सरकारका एकाइबाहेक सबै विषयगत कार्यालय, तिनका भौतिक सम्पत्ति, कर्मचारी, योजना, बजेट र कार्यक्रम ढिलोमा आगामी असारभित्र स्थानीय तहमा हस्तान्तरण भइसक्ने छन । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार



थपलियाले स्थानीय तहका लागि आवश्यक पूर्वाधार , बजेट र कर्मचारी व्यवस्थापन, विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण लगायतका विषयलाई एक हप्ताभित्र मन्त्रिपरिषद्मा प्रस्ताव लगिने गरी अन्तिम तयारी भएको बताए ।

उनले भने–'विषयगत कार्यालय पूर्ण रूपमा स्थानीय तहमा हस्तान्तरण भइसकेपछि अपुग कर्मचारी करार सेवामा भर्ना गरेर भए पनि स्थानीय तह सञ्चालन गर्ने गरी मन्त्रिपरिषद्मा लगिने प्रस्तावमा उल्लेख छ ।' थपलियाका अनुसार त्यसपछि स्थानीय तहमा कर्मचारी अपुग भयो भनेर सेवाग्राहीको काम अवरूद्ध हुनेछैनन् ।

सबै विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण भइसकेपछि स्थानीय तह सम्बन्धित गाउँपालिका र नगरपालिकाको प्रमुख प्रशासकीय केन्द्र बन्ने र सेवाग्राहीले स्थानीय तहबाटै हाल जिल्लाबाट प्राप्त गरेका सबै सेवा प्राप्त गर्न पाउनेछन् । गाउँपालिका महासङ्घ ३ नंम्बर प्रदेश एवं दोलखास्थित तामाकोसी गाउँपालिका अध्यक्ष ईश्वरचन्द्र पोखरेल छिटोभन्दा छिटो जिल्लाका विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने र त्यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मेवारी आफूहरूले लिने बताए ।

उनका अनुसार संविधानमा स्थानीय तहबाटै सबै सेवा प्रदान गर्ने कुरा उल्लेख छ तर सरकारले विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण गर्न ढिलो गरेर सेवाग्राहीहरु सेवाका लागि जिल्ला सदरमुकाम धाउन बाध्य भएका छन् । सरकारले जति छिटो स्थानीय तहमा विषयगत कार्यालय पठाउँछ त्यति नै व्यवस्थितसँग निर्वाचित जनप्रतिनिधिहरूले त्यसलाई सञ्चालन गर्न आतुर रहेको उनले बताए ।

चालू आर्थिक वर्षदेखि नै जिल्लाका विषयगत कार्यालय स्थानीय तहमा हस्तान्तरण हुने भनिए पनि कर्मचारीको अभावमा सबै काम स्थानीय तहमा जान सकेका थिएनन । चालू आर्थिक वर्षमा भने विषयत कार्यालयका करिब ४० देखि ५० प्रतिशत बजेट, योजना र कार्यक्रम स्थानीय तहमा गइसकेका छन् ।

संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाएको छ भने जिल्लालाई समन्वयात्मक भूमिका दिएको छ । सङ्घीयतालाई सफल कार्यान्वयन गराउन, स्थानीय तहलाई अधिकारसम्पन्न बनाउन र नागरिकलाई आफ्नै गाउँ टोलबाट नजिकको सेवा दिलाउनका लागि विषयगत कार्यालय स्थानीय तहमा पठाउन लागिएको मन्त्रालयले जनाएको छ ।

# किसानलाई पेन्सन:

## कार्यविधि बनाउने जिम्मा आयोगलाई

किसान पेन्सनबारे कार्यविधि बनाउने जिम्मेवारी किसान आयोगले पाएको छ । चालू आर्थिक वर्षको बजेटमा सरकारले किसान पेन्सनका लागि थप अध्ययन गर्ने घोषणा गरेको थियो । सोही घोषणाअनुसार पेन्सनको अध्ययन गरी कार्यविधि तयार पार्ने जिम्मा मन्त्रालयले किसान आयोगलाई दिएको हो ।

'किसानको सम्मानका लागि उपलब्ध गराइने भनिएको पेन्सनका विषयमा यो वर्षको बजेटले पनि अध्ययन मात्रै गर्ने भनेर सम्बोधन गरेर आयो', कृषि विकास मन्त्रालयका प्रवक्ता डा. योगेन्द्रकुमार कार्कीले भने,'नीति तथा कार्यक्रमअनुसार मन्त्रालयले कार्यविधि बनाउने जिम्मा किसान आयोगलाई प्रदान गरेको हो । आयोगले नै अध्ययन गरी कार्यविधि तयार पारी मन्त्रालयलाई बुझाउनेछ । यसरी आएको कार्यविधि मन्त्रालयले स्वीकृत गरी कार्यान्वयनमा ल्याउनेछ ।'



किसान आयोगका अध्यक्ष चित्रबहादुर श्रेष्ठले अध्ययन र कार्यविधि तयार पार्ने जिम्मेवारी पाइए पनि विभिन्न तहको निर्वाचन, संघीय प्रणाली र राजनीति अस्थिरताका कारण काम अघि बढाउन नसकिएको बताए । 'तर दुई महिनापछि अध्ययन र कार्यविधिसम्बन्धी कामलाई तीव्रताका साथ अघि बढाउँदैछौं । सकेसम्म यही आर्थिक वर्षमा कार्यविधि ल्याउने हाम्रो योजना छ ।' कार्यविधि निर्माणका लागि अध्ययन गर्न सरकारले चालू आवमा करिब पाँच लाख रूपैयाँ विनियोजन गरेको छ । पूर्वकृषिमन्त्री हरिबोल गजुरेलले पहिलोपटक किसान पेन्सनको अबधारणा सार्वजनिक गरेका थिए । कृषि मन्त्रालयको जिम्मेवारी सम्हाले लगत्तै उनले २७ बुँदे प्रतिबद्धता पत्रमार्फत योजना कार्यान्वयमा ल्याउने घोषणा गरेका थिए ।

किसान वर्गीकरणका आधारमा ६० वर्ष पूरा गरेका किसानलाई यस्तो सुविधा उपलब्ध गराउन मन्त्रालयले प्रतिवेदन तयार गरेको थियो । मन्त्रालयले समानुपातिक रूपमा कृषि सेवा तथा सुविधा उपलब्ध गराउन किसानलाई व्यावसायिक (ठूला), निर्वाहमुखी, सिमान्तकृत र भूमिहीन तथा कृषि मजदुर गरी पाँच वर्गमा वर्गीकरण गरी सोहीआधारमा पेन्सन वितरण गर्ने योजना तयार पारेको थियो । मन्त्रालयले पहिलो प्राथमिकतामा राखेर योजना कार्यान्वयनमा ल्याउन करिब तीन लाख रूपैयाँको खर्चमा हरि रोकाको सहयोगमा अध्ययनसमेत गरेको थियो । मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाकाअनुसार रोकाको समितिले तत्कालीन समयमा अध्ययन गरी विस्तृत प्रतिवेदन मन्त्रालयमा बुझाएको थियो ।

सापकोटाका अनुसार रोकाले गरेको अध्ययनको आधारमा मन्त्रालयका सहसचिब काशिराज दाहालको समितिले थप गृहकार्य गरी अर्थ मन्त्रालयसहित राष्ट्रिय योजना आयोगमा पठाएको थियो । मन्त्रालयले पाँच वर्गमा छुट्टयाइएको किसानको वर्गीकरणलाई परिमार्जन गरी साना किसान, मध्यम किसान, व्यावसायिक किसानमा वर्गीकरण गरी योजना कार्यान्वयनका लागि आयोग र अर्थ मन्त्रालयसँग सहमति माग गरेको थियो । 'आयोग र अर्थले पेन्सन सुविधाका कारण राज्यलाई अतिरिक्त व्ययभार थपिने भन्दै खासै सकारात्मक जवाफ दिन सकेन्,' सहप्रवक्ता शंकर सापकोटाले भने,'त्यसपछि यो विषयमा थप गृहकार्य अघि बढ्न सकेन ।'

रोकाले ६० वर्ष पुगेका किसानलाई मासिक दुई हजार पाँच सयका दरले पेन्सन सुविधा प्रदान गर्न सकिने आशयका साथ प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराएको थियो । मुलुकभर ६३ प्रतिशतका दरले करिब दुई करोडको हाराहारीमा किसान छन् ।

# ५० प्रतिशत विद्यालय पुनर्निर्माण




विद्यालय पुनर्निर्माणमा आर्थिक स्रोतको अभाव झेलिरहेको सरकारले २ वर्षमा ५० प्रतिशत विद्यालयको पुनर्निर्माण सम्पन्न गरेको जनाएको छ ।

भूकम्प गएको अढाई वर्षपछि नेपाल सरकार र विकास साझेदारको सहयोगमा भूकम्प प्रभावित ३१ जिल्लाका लगभग ४ हजार विद्यालयको पुनर्निर्माण सम्पन्न गरेको हो । विद्यालय पुनर्निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्रधिकरणको पोष्ट डिजास्टर रिकोभरी फ्रेमवर्क (पीडीआरएफ) अनुसार देशभरका भूकम्प प्रभावित सबै विद्यालय पुनर्निर्माण गर्न १ खर्ब ६७ अर्ब लाग्ने अनुमान गरेको भए पनि हाल पूर्ण रूपमा क्षति भएका विद्यालयको संख्या १ हजार घटेपछि हाल १३० अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको छ । तर हालसम्म ७० अर्ब रूपैयाँको स्रोत सुनिश्चित भएमध्येबाट ५० प्रतिशत विद्यालय निर्माण सम्पन्न भएको हो ।

प्रधिकरणले पुनर्निर्माणको २ वर्षे समीक्षा प्रतिवेदन सार्वजनिक गरी विद्यालय पुनर्निमार्णको काम ५० प्रतिशत सम्पन्न भएको जानकारी दिएको थियो । ३३ महिनाअघि गएको विनाशकारी भूकम्पबाट क्षति भएका ७ हजार ५ सय ५३ विद्यालयमध्ये हालसम्म ३ हजार ७ सय ४५ वटा अर्थात ५० प्रतिशत विद्यालय पुनर्निर्माणको काम पूरा भएको हो । थप विद्यालय पुनर्निर्माणका आर्थिक स्रोत अभाव रहे पनि २ वर्षको अवधिमा विकास साझेदारको सहयोग र सरकारले जुटाएको ७० अर्ब रूपैयाँबाट लगभग ४ हजार विद्यालयको पुनर्निमार्ण कार्य सम्पन्न भएको छ । पुनर्निर्माणका लागि आर्थिक स्रोतको अभाव बाबजुत ५० प्रतिशत काम सम्पन्न भएको राष्ट्रिय पुननिर्माण प्रधिकरणले जनाएको छ । भूकम्पपछि विद्यालय पुनर्निर्माणका लागि गठन गरिएको शिक्षा मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन इकाई (सीएलपीआईयू)ले ७ हजार ५ सय ५३ विद्यालयमध्ये २ हजार ७ सय ४१ विद्यालय अर्थात ३६ प्रतिशत पुनर्निर्माण सम्पन्न भइ पठनपाठन समेत सुचारू भइसकेको जनाएको छ । यसरी नै १ हजार ४ विद्यालय अर्थात १३ प्रतिशत निर्माण सम्पन्न हुने क्रममा छन् ।

विद्यालय पुनर्निमाणको लागि सरकारले ढिलो गरी गठन गरेको शिक्षा मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाई (सीएलपीआईयू)ले लक्ष्यअनुसार पुनर्निर्माणको काम अघि बढाइरहे पनि सबै पुनर्निर्माण कार्य समयमा सम्पन्न गर्न अझै पनि आवश्यक थप आर्थिक स्रोत अभाव रहेको जनाएको छ ।

# दायित्व हस्तान्तरण प्रक्रिया सुरू

सरकारले नगर विकास समितिहरूको सम्पति हस्तान्तरणको प्रक्रिया थालेको छ । शहरी विकास मन्त्रालयले ३३५ नगर विकास समितिमा रहेका सम्पत्ति, दायित्व र बजेट हस्तान्तरणको प्रक्रिया थालेको हो । स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम ६ महिनामा दायित्व हस्तान्तरण गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

शहरी विकास मन्त्री दिलनाथ गिरी, राज्यमन्त्री कुन्तीकुमारी शाही, सचिव दीपेन्द्रनाथ शर्मा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार थपलिया, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव प्रेमकुमार राई, मन्त्रालयका सहसचिव र विभागका महानिर्देशकहरूको बैठकले हस्तान्तरणको प्रक्रिया शुरू गरेको प्रवक्ता शम्भु केसीले जानकारी दिए । ऐन गत असोज २९ गतेदेखि लागू भएको हो । हाल रहेका ३ सय ३५ नगर विकास समितिमध्ये ९३ मा अध्यक्ष पद रिक्त छन् । बैठकले नगर विकास समितिका सम्बन्धमा 'के गर्ने ?' भन्ने सुझाव दिन प्रवक्ता केसीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ । समितिलाई प्रतिवेदन पेश गर्न १५ दिनको समय दिइएको छ । स्थानीय तहमा निर्वाचित प्रमुखहरूले समिति विघटन नै गर्न माग गरे पनि अहिले यथावत् राख्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

# एउटै गाउँपालिकाका २ सांसद


ओमबहादुर घलान (प्रदीप)


सन्तबहादुर प्रजा

◆ विकास संवाददाता

मकवानपुरको विकट गाउँ काँकडा र राक्सिराङका दुईजना नेता ३ नं प्रदेशसभाको सांसद बनेका छन् । हाल राक्सिराङ गाउँपालिका अन्तर्गत पर्ने दुबै साबिकका गाविसमा बसोबास गर्दै आइरहेका ओमबहादुर घलान र सन्तबहादुर चेपाङ सांसद बनेका हुन् । घलान नेकपा माओवादी केन्द्र र चेपाङ नेपाली काँग्रेसबाट समानुपातिकतर्फ प्रदेश सांसद भएका हुन् ।

तत्कालीन शसस्त्र विद्रोहको नेतृत्व गरेका नेकपा माओवादी केन्द्रका ओम घलान (प्रदीप) प्रदेश सभा सांसद हुने पक्का भएको छ । नेकपा माओवादी केन्द्रले निर्वाचन आयोगमा बुझाउन ठीक्क पारेको सांसद सूचिमा घलानको नाम उल्लेख छ । राक्सिराङ गाउँपालिका चौकीटार घर भएका घलान हाल मनहरी ७ रमन्टारमा बस्दै आउनु भएको छ । उनी शसस्त्र युद्धका बेला ब्रिग्रेड कमाण्डर रहेका थिए । २०५५ साल माघ १० गते माओवादी जनमुक्ति सेनामा स्क्वायड सदस्यका रूपमा प्रवेश गरेका घलान विभिन्न युद्धहरूमा सहभागी हुनुहुन्थ्यो । उहाँ खुला राजनीतिमा आउनुअघि ब्रिग्रेड कमाण्डर रूपमा कार्यरत हुनुहुन्थ्यो भने सेना समायोजन विशेष समिति अन्तर्गतको अनुगमन समिति सदस्य समेत हुनुहुन्थ्यो ।

यसैबीच नेपाल चेपाङ संघका केन्द्रीय सदस्य समेत रहेका चेपाङ अगुवा सन्तबहादुर प्रजा ३ नं प्रदेश सांसद बन्नु भएको छ । काँकडाको विकट धिराङ घर भएका उनलाई नेपाली काँग्रेसले समानुपातिकतर्फ सांसद बनाएको हो । जनजाति कोटामा रहेका सन्तबहादुरले नेपाल चेपाङ संघको जिल्ला अध्यक्ष, नेपाली काँग्रेस जिल्ला आमन्त्रित सदस्य, महाधिवेसन प्रतिनिधि तथा राक्सिराङ गाउँपालिका कार्यपालिका सदस्य भई कार्य गरिसक्नु भएको छ । उहाँसँगै चेपाङ समुदायको तर्फबाट सांसद बन्नेहरूको संख्या हालसम्म तीन पुगेको छ । यसअघि २०६४ सालमा नेकपा एमालेले मकवानपुरको काँकडाका गोविन्दराम चेपाङलाई सांसद बनाएको थियो भने नेकपा माओवादी केन्द्रले गोरखाबाट माया चेपाङलाई सांसद बनाएको थियो ।

# अब अर्को चुनाव, नारायणी यातायातको एउटा प्यानल घोषणा

◆ विकास संवाददाता

ठूलो संघ भनेर चिनिएको नारायणी यातायात व्यवसायी संघ हेटौंडामा चुनावी सरगर्मी बढेको छ । संघको पुस २६ र २७ गते हेटौंडामा हुने ३१ औं साधारणसभा तथा १५ औं अधिवेशनले आगामी नेतृत्वका लागि नयाँ कार्यसमिति चयन गर्नेछ । संघ वर्तमान अध्यक्ष बद्रीप्रसाद चौलागाईंले आगामी नेतृत्वका लागि आफ्नो प्यानलसहित उम्मेदवारी घोषणा गरेका छन् । चौलागाईं प्यानलबाट बरिष्ठ उपाध्यक्षमा किरण कटुवाल, उपाध्यक्ष बिष्णु विडारी, महासचिवमा सरोजकुमार खनाल, कोषाध्यक्ष राजेश खड्गी, सहकोषाध्यक्षमा कपिलबहादुर बानियाँ, सचिवमा ठाकुरनाथ सुवेदी, देवनारायण लामिछाने, गुणराज घिमिरे, र सुरेश खड्गी रहेका छन् ।

यस प्यानलबाट सदस्यहरूमा बीरगञ्जतर्फ विनोदकुमार मानन्धर, चितवनतर्फ अशोककुमार पोखरेल, काठमाडौंतर्फ श्रीकृष्ण खनाल र सहसचिव चितवनतर्फ बिष्णुप्रसाद पंगेनीले उम्मेदवारी दिने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । अध्यक्षका प्रत्याशी चौलागाईंले आफ्नो नेतृत्वमा संघमा धेरै सुधारको कार्य भएको बताउँदै आफू निर्वाचित हुनेमा ढुक्क रहेको दावी गरे । 'मेरो नेतृत्वमा धेरै काम भएको छ । अब बाँकी पूरा गर्नका लागि जित्न जरूरी रहेको छ', संघ अध्यक्ष चौलागाईंले आफ्ना नेतृत्वतमा संघमा आबद्ध व्यवसायीहरू सदैव खुशी रहेको दावी गरे । 'हाम्रो नेतृत्वमा संघ र व्यवसायीको हित हुनेछ । हाम्रो काम गर्ने शैली र दक्षताको आधारमा व्यवसायीबाटै दोहोऱ्याउन सुझाव आएसँगै हामी अगाडि बढेका हौं । हामी गुटभन्दा माथि रहेर विशुद्ध व्यवसायीको हितका लागि आगाडि बढेका हौं', अध्यक्ष चौलागाई सामाजिक कार्यमा हरदम लाग्नुपर्ने संस्था भएकाले आफूहरूको नेतृत्व जिल्लाबासीले नै मन पराएको उनले दावी गरे । संघमा तीनहजार नौसय ७६ मतदाता रहेका छन् । संघमा करिब आठहजार सवारी साधन दर्ता रहेका छन् । यस संघ यातायात क्षेत्रको सवैभन्दा ठूलो संस्था हो । संघ अध्यक्षमा यसअघि पूर्वअध्यक्ष गोकर्ण पराजुलीले समेत दावी गरेका छन् ।

**विकास** खबरपत्रिकामा
समाचार, विज्ञापन प्रकाशन गर्न
चहानुहुन्छ ?
फोन गर्नुहोस्: **९८०७२९५०७२**

# सहास नेपालले उद्यमशीलता बनाउने

◆ विकास संवाददाता

मकवानपुरको साविकका तीनवटा गाउँ विकास समितिहरूमा समूहमा आबद्ध भएका स्थानीयबासिन्दालाई उद्यमशीलता बनाउने काममा सहयोगी हातहरूको समूह नेपाल (सहास नेपाल) ले भूमिका खेलेको छ ।

जिल्ला समन्वय समितिको सभाहलमा जिल्ला परियोजना सल्लाहकार समितिको बैठकमा प्रगति बिबरण प्रस्तुत गर्दै सहास नेपालका कार्यक्रम संयोजक कृष्ण रावलले समुदायका मानिसहरू उद्यमशील बन्दै गएको बताए । उनले समूहमा आबद्ध भएका महिलाहरूले कृषि, सामूहिक खेतीप्रणाली तथा लघु उद्यम र व्यापारका कामहरू गरिरहेको बताउनुभयो । उहाँले कार्यक्रमहरूमार्फत दिइएको तालिमले उनीहरू उद्यमी बन्दै गइरहेको बताए ।

जिल्ला समन्वय समितिकी उपसभापति भगवती पुडासैनीको सभाध्यक्षतामा भएको कार्यक्रममा विभिन्न सरोकारवाला गैरसरकारी संस्था तथा सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## स्वर्ण महोत्सव....

गराउँदै आएको छ ।

जननेता स्वर्गीय रूपचन्द्र विष्टको सक्रियतामा स्थापना भएको र विष्टले अग्रगामी विधिबाट अध्यापन गराएको भएकाले पनि बिद्यालयले स्थापनाकालदेखि नै व्यवहारिक शिक्षामा जोड दिँदै आएको प्राचार्य कार्कीले बताए । कार्यक्रममा पुर्वसांसद तथा अधिवक्ता रामनारायण बिडारीले व्यवहारिक शिक्षालाई थप व्यवस्थित बनाउन सबैले हातोमालो गर्नुपर्नेमा जोड दिए ।

जकल्याणबाटै एसएसली परीक्षा उतीर्ण गरेका बिडारीले भने 'बिद्यालयलाई राम्रो बनाउनुपर्छ, प्रगती हुनुपर्छ, वैज्ञानिक बनाउनुपर्छ, जनमुखी हुनुपर्‍यो भन्नु भन्दा थप प्राविधिक शिक्षा के हुनसक्छ त्यो तत्काल सुरू गर्नुपर्छ ।'

थाहा नगरका बौद्धिक वर्गले समेत जनकल्याण उच्च माध्यमिक विद्यालयको स्वर्ण महोत्सवलाई भव्य र सभ्य बनाउन सबैकोणबाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । सिटिइभिटिका पूर्वसदस्यसचिव रामहरि लामिछानेले विद्यालयले कृषि बिषयमा अध्यापन सुरू गरेर राम्रो गरेको उल्लेख गर्दै प्रशंसा गरे । त्यसको प्रभावकारिता कस्तो छ भन्नेतर्फ भने ध्यान दिन नसकिएको टिप्पणी गर्दै उनले भने 'बिद्यालयले कस्तो जनशक्ति उत्पादन गर्ने हो पहिल्यै प्रष्ट हुनुपर्छ । त्यसका लागि के कस्तो सहयोग गर्नुपर्छ हामी तयार छौं ।'

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य विनोद ढकालले शिक्षालाई सूचना र प्रविधिसंग जोड्नुपर्ने आवश्यक्ता औंल्याए ।

उनले भने 'बिद्यालयलाई सूचना र प्रविधिसंग जोड्न सकियो भने शिक्षाको प्रभावकारिता बढ्छ । त्यस्तो सहयोगका लागि हामी सधैं तयार छौं ।'

मकवानपुर, धादिङलगायतका आसपासका जिल्लाका बिद्यार्थीहरू अध्ययनरत यस बिद्यालयले सप्ताहव्यापी कार्यक्रम अर्न्तगत छलफल, अर्न्तक्रिया जस्ता कार्यक्रमलाई निरन्तरता पनि दिइरहेको छ ।

यसअघि नै विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा पदाधिकारीहरू, पूर्वविद्यार्थीहरू, अभिभावक र अध्ययनरत विद्यार्थीहरूसंग एक चरणको छलफल सकाएर सप्ताहव्यापी कार्यक्रम तय गरिएको प्राचार्य कार्कीले जानकारी दिए ।

# मनहरीमा पुर्ननिर्माण सम्बन्धी छलफल

◆ विकास संवाददाता

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको आयोजनामा भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनाको अवस्थाको अनुगमन र छलफल गरिएको छ । भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनामा सदाचारको अवस्थाको बारेमा निजी आवास, धार्मिक सम्पदा र विद्यालय भवन निर्माणको अवस्थाको अनुगमन र छलफल गरिएको हो । मनहरी गाउँपालिका–७, विजौनास्थित राष्ट्रिय आधारभूत विद्यालयमा आयोजित विद्यालय पुनर्निर्माणसम्बन्धी छलफल कार्यक्रममा निर्माण कार्य सन्तोषजनक रहेको विद्यालयका पदाधिकारीहरूले जानकारी दिएका थिए ।

भूकम्पले क्षति पुगेको विद्यालय पुननिर्माण गर्न नेपाल सरकारले भुकम्पीय आवास तथा पुननिर्माण आयोजनाअन्तर्गत् निर्माणाधीन विद्यालय भवन निर्माण सन्तोषजनक रहेको मनहरी गाउँपालिका ७ नम्बर वडा अध्यक्ष ठाकुरसिं मोक्तानले बताए ।

विद्यालयका प्रधानाध्यापक रविकान्त रिमालले नेपाल सरकारको ९८ लाख ९५ हजार नौसय २२ रूपियाँको लागतमा निर्माण हुने भवनका लागि तेश्रो किस्तासम्म ६५ लाख ६३ हजार ८४४ रूपियाँ बराबर निकासा भइसकेको बताउँदै निर्माण कुनै समस्या नरहेको जानकारी दिए ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष श्रीहरि अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी कार्यपालिकाका सदस्य सरस्वति परियार, अभिभावक नवराज सुवेदी, ट्रान्सपरेन्सी इन्टर नेशनलका प्रशासकीय अधिकृत बविता शर्मा, मकवानपुर कार्यक्रम अधिकृत प्रमिला थिङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# प्रहरीले थाल्यो विद्यार्थीमाथि छड्के

◆ विकास संवाददाता

क्याम्पस पोशाकमै असामाजिक गतिविधिमा संलग्न भएको आरोपमा मकवानपुर प्रहरीले विद्यार्थीमाथि छड्के नजर लाउन सुरू गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले बिहान ६ बजेको समयमा क्याम्पस पोशकमै मनकामना मन्दिर जाने जंगल क्षेत्रमा सामाजिक मर्यादाविपरित गतिविधिमा संलग्न भएको आरोपमा २० जना विद्यार्थीलाई नियन्त्रणमा लिइएको छ । प्रहरीले दुईदिनको छड्केपश्चात् उनीहरूलाई नियन्त्रणमा लिएको हो । प्रहरीले मकवानपुरका विभिन्न क्याम्पसका १४ छात्रा र ६ छात्रलाई नियन्त्रणमा लिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक दीलिपराज झाले जानकारी दिए ।

'क्याम्पसका हिंडेका विद्यार्थीहरू जंगलतर्फ लागेको खबर हामीलाई प्राप्त भएसँगै हामीले उनीहरूमाथि निगरानी राखेका थियौं', प्रहरी नायब उपरीक्षक झाले पछिल्लो समय प्रहरीले विद्यार्थीमाथि निगरानी बढाएको समेत बताए । 'हामीले विद्यार्थीमाथि विशेष निगरानी सुरू गरेका छौं', झाले अभिभावकहरू पनि आफ्नो छोराछोरीको भविष्यप्रति चिन्तित भएर उनीबारे जानकारी लिन जरूरी रहेको औंल्याए । 'आफ्ना छोराछोरीको पढाईको अवस्था, बानीव्यवहारबारे अभिभाव विज्ञ हुन जरूरी रहेको छ । अन्यथा उनीहरू गलत बाटोमा लाग्न सक्नछन्', झाले मकवानपुर लागूऔषधको ट्रान्जिट प्वाइन्ट समेत भएकाले विस्तारै कुलतमा समेत फस्न सक्ने भएकाले अभिभावकलाई सचेत हुन आग्रह गरेका छन् । प्रहरीले नियन्त्रणमा लिएको २० जना विद्यार्थीलाई अभिभावकको जिम्मा लगाइएको छ । प्रहरीले अभिभावक, शैक्षिक संस्था र विद्यार्थीसँग सम्बन्धित युनियनहरूको रोहवरमा छलफल गरी उनीहरूलाई अभिभावकको जिम्मा लगाएको हो ।

आगामी दिनमा यस्ता गतिविधि नगर्ने शर्तमा उनीहरूलाई छोडिएको र आगामी दिनमा यस्तो गतिविधि दोहोरिए कानुन अनुसार कारवाही अघि बढाउने मकवानपुरका प्रहरी नायव उपरीक्षक दिलिपराज झाले बताए । प्रहरीले विद्यालय वा अन्य जुनसुकै पोशाकमा रहेर पोशाकको मर्यादा विपरितका गतिविधिमा संलग्नहरूलाई नियन्त्रणमा लिई 'केही सार्वजनिक अपराध ऐन' अन्तर्गत् मुद्धा चलाउने अभियान शुरू गरेको झाको भनाइ छ ।

# जसले भवन निर्माणका लागि जग्गा दिए

◆ विकास संवाददाता


नारायण सुवेदी, बरिष्ठ उपाध्यक्ष


रामचन्द्र बर्तौला, कार्य समिति सदस्य

मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति मनहरीको भवन निर्माणका लागि कार्यसमितिमा रहेका दुईजनाले जग्गादान गर्ने घोषणा गर्नु भएको छ ।

पश्चिम क्षेत्र समितिका बरिष्ठ उपाध्यक्ष नारायण सुवेदी र कार्य समिति सदस्य रामचन्द्र बर्तौलाले जग्गा दान गर्ने घोषणा गर्नुभएको हो । सुवेदीले मनहरी ७ स्थित ड्यामसाइडमा १० धूर जग्गा दिने घोषणा गरेका हुन् भने बर्तौलाले मनहरी ८ बेलुवा बगरसाइडमा जग्गा दिने घोषणा गर्नुभएको छ । दुबैजनालाई कार्यसमिति बैठकले धन्यवाद ज्ञापन व्यक्त गरी जग्गा नामसारी प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । संघको नियमित बैठकमा प्राप्त भएको जग्गामा भवन निर्माणको बारेमा समेत छलफल भएको महासचिव रामचन्द्र उप्रेतीले बताए ।

# ६ सय २९ को आँखा परीक्षण

मकवानपुर र रौतहटको एक–एक स्थानमा निःशुल्क आँखा परिक्षण शिविर आईतबार गरिएको छ ।

दुई स्थानमा गरि छ सय ५९ जनाको निःशुल्क आँखा परिक्षण गरिएकोमा मोतिबिन्दु लागेको ८२ जना फेला परेका थिए । जसमध्ये मकवानपुरमा ४१ र रौतहटमा ४१ जनामा मोतिबिन्दु देखा परेको थियो । जसमध्ये मकवानपुरको बकैया गाउँपालिकाको शिखरपुरमा दुई सय ३५ र रौतहटको चन्द्रपुर नगर पालिकाको जुडीबेलामा तीन सय ९४ जनाको निःशुल्क आँखा परिक्षण गरिएको रोटरी क्लब अफ हेटौंडाका कार्यक्रम संयोजक प्रमेश प्रधानले बताए । उनका अनुसार सामान्य औषधी बितरण गरिएको शिविरमा भेटिएका सबै मोतिबिन्दु रोगीलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा निःशुल्क अप्रेशन र आवत–जावतको व्यबस्था मिलाईएको छ ।

# थाहामा नेपाली टोपी दिवस मनादै




◆ विकास संवाददाता

विगत ५ बर्ष देखि जनवरी १ का दिन पारेर मनाउँदै आएको नेपाली टोपी दिवस यो बर्ष पनि मनाउने तयारी भैरहेको छ । विगतमा काठमाडौ लगायतका क्षेत्रहरूमा विभिन्न कार्यक्रमहरू आयोजना गरि मनाउँदै आएको यो दिवस यो बर्ष पर्यटकीय नगरी थाहामा पनि भव्यताका साथ मनाइने भएको छ । विभिन्न समाजिक कार्य र अभियानहरू संचालन गर्दै आइरहेको लियो क्लब अफ पिस थाहाले पौष १७ गते पाँचौ नेपाली टोपी दिवस मनाउने तयारी गरिरहेको लियो क्लब अफ पिस थाहाका अध्यक्ष अनित बिष्टले जानकारी दिए । 'नेपाली टोपी, नेपालीको पहिचान' भन्ने मुल नाराका साथ पाँचौ नेपाली टोपी दिवस मनाउन लागिएको बिष्टले बताए । २०६३/६३ को जनआन्दोलन पछि बनेको सरकारले दौरासुरूवाल, टोपी र गुन्युचोलोलाई राष्ट्रिय पोसाकबाट हटाएपछि हालसम्म देश राष्ट्रिय पोसाक बिहिन रहेको अवस्थामा पुनः यसको पहिचान, स्थापना र संरक्षण गर्न विगत ५ बर्ष देखि यो दिवस मनाउँदै आएको छ ।

थाहामा पाँचौ नेपाली टोपी दिवस प्रभातफेरी सहित मनाउने कार्यक्रम रहेको छ । लियो क्लब अफ पिस थाहाले थाहामा सकृय रहेका विभिन्न संघसंस्थाको सहयोगमा कार्यक्रम आयोजना गर्न लागेको क्लबका सचिब गणेश खत्रीले जानकारी दिए ।

# पालुङ स्वास्थ्य केन्द्रलाई ११ लाख बराबरको स्वास्थ्य सामग्री सहयोग




◆ जनक लामा

नेपाल रेडक्रस सोसाईटी मकवानपुर शाखाले पालुङ प्राथमिक स्वस्थ्य केन्द्रलाई स्वस्थ्य जन्य सामग्री सहयोग प्रदान गरेको छ । शुक्रबार एक कार्यक्रमको आयोजना गरी स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका अध्यक्ष दिपकसिंह लामालाई रेडक्रसले सामाग्री हस्तान्तरण गरेको हो ।

स्वास्थ्य केन्द्रको लागि आवश्वक सेन्ट्रीफ्युज मेसिन, पेसेन्ट मोनिटर, पेसेन्ट बेड वीथ म्याट्रेस, अल्ट्रा साउण्ड मेसिन र वाटर बाथ गरी करिब ११ लाख बराबरको सामग्री प्रदानगरिएको रेडक्रस मकवानपुरले जनाएको छ । नेपाल रेडक्रस सोसाईटी मकवानपुर शाखाका सभापति सूर्यचन्द्र न्यौपानेले सामाग्री हस्तान्तरण गर्दै उक्त सामग्रीको उच्चतम प्रयोग गरी सर्बसाधारण जनतालाई सेवा प्रदान गर्न आग्रह गरे । साथै न्यैपानेले स्वास्थ्य केन्द्रको लागि थप आवश्यक सामाग्री आवश्यक भएको खण्डमा पनि आफूले सकारात्मक कदम चाल्ने बताए ।

थाहा नगरका स्वास्थ्य शाखा प्रमख मेघराज बलामीले रेडक्रसको योगदानको चर्चा गर्दै रेडक्रस मकवानपुरलाई विशेष धन्यवाद व्यक्त गरे । उनले रेडक्रसको समन्वय अगामी दिनमा पनि आवश्यक हुने कुरामा जोड दिए । साथै हाल थाहा नगरपालिकामा गाउँघर क्लिनिकको लागि पनि प्रभावकारी रूपमा सहयोग गर्न अपिल गरे ।

कार्यक्रमकै अवसरमा पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. रिनेश अधिकारीले रेडक्रसको सहयोगको उच्च मूल्याङ्कन गर्दै जनतालाई प्रभावकारी ढङ्गबाट सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरे । साथै उनले स्वास्थ्य केन्द्रबाट अझै प्रभावकारीताका साथ सेवा प्रदान गर्नको लागि केन्द्रमा डेलिभरी बेड, संस्थाबाट निस्केका फोहोरलाई सही व्यवस्थापनको लागि आवश्यक मेसिन, सुत्केरीको अवस्थामा आमादेखि बच्चालाई न्यानो बनाउनको लागि रूम हिटर भइदिए सहज हुने कुरा बताए । त्यसको लागि पहल गरिदिनको लागि रेडक्रस मकवानपुर लाई आग्रहसमेत गरे ।

कार्यक्रम स्वास्थ्य केन्द्र व्यवसथापन समितिका अध्यक्ष तथा थाहा नगरपालिका वडा नं. ४ का अध्यक्ष दिपक सिंह लामाको अध्यक्षतामा भएको थियो । अध्यक्ष लामाले रेडक्रसको सहयोगप्रति विशेष आभार प्रकट गरे ।

# सचेतना घट्दै, लैंगिक हिंसा बढ्दै

◆ मञ्जरी बलामी

उत्तरी मकवानपुरको थाहा नगरपालिकामा महिला हिंसाका घटनाहरू बढ्दै जादा समेत हिंसा बिरूद्धका कार्यक्रमहरू सून्य भएको छ । त्यसो त महिला हिंसा बिरूद्धको १६ दिने अभियान पनि केही समय अघि नै सकिएको छ । महिला हिंसा बिरूद्धको १६ दिने अभियान देशभरि चल्दा थाहा नगरमा हिंसा बिरूद्धका कुनै पनि कार्यक्रमहरू सञ्चालनमा आएन ।

हिंसाको कुरा गर्दा केही प्रतिशत पुरूषहरू पनि हिंसामा परेका छन । थाहानगरपालिका १ ओखर बजारमा रहेको घरेलु हिंसा पिडितहरूका लागि सुरक्षित अल्पकालिन आश्रय स्थलमा २०७४ बैशाखबाट हालसम्म ४१ वटा हिंसाका मुद्धाहरू आएका छन् । जसअन्तर्गत ३६ जना महिलाहरू घरेलु हिंसाका कारण आश्रय स्थलमा आएका छन् भने ५ जना पुरूषहरू रहेका छन् । २०६५ सालमा स्थापना भएको संस्थाले दैनिक ५ वटा मुद्धाहरू हेर्दै र मिलाउँदै आएकोमा आर्थिक अभावका कारण हिंसाका मुद्धाहरू हेर्न समस्या भएको सुरक्षित अल्पकालिन आश्रय स्थलका सदस्य एवम् मनो सामाजिक परामर्शकर्ता तुलसा बिष्टले बताइन् ।

आर्थिक अभावकै कारण यो पटकको १६ दिने अभियानमा कार्यक्रम गर्न नसकेको उनले बताइन् । घरेलु हिंसा पिडित महिलाहरूका लागि पहिले हिंसाको मुद्धा आउँदा लत्ता कपडा च्यातिएको भए कपडाहरू दिने, चप्पल किनिदिने, खाना, बास लगायतका सेवा दिई मुद्धा नमिलुन्जेल पीडितलाई हेरचाह गर्ने गरिएकोमा हाल आर्थिक अभावका कारण १ कप चिया पनि खुवाउन समस्या भएको विष्टको भनाइ छ ।

हिंसा निम्त्याउने एक कारण आर्थिक समस्या भए पनि हाल अधिकाँश हिंसाका घटनाहरू मादक पदार्थ सेवनको कारणले निम्त्याउने गरेको पाइएको छ । दिनभर घरबाहिर रही जाँड रक्सी जस्ता मादक पदार्थ सेवन गर्ने र साँझ घरमा श्रीमती कुट्ने प्रबित्ति तीब्र रूपमा बढ्दै गएको विष्टको अनुभव छ । उनले भनिन्, 'ससाना झगडाका केसहरू थाहानगरका वडा स्तरमै रहेका निगरानी समुहमै मिलाउने गरिएको भए पनि ठुला तथा जटिल प्रकारका घटनाहरू आश्रय स्थलमा ल्याउने र त्यहाँ पनि सम्भव नभए जिल्ला स्थित सेफ हाउसमा पठाउने गरेका छौ ।' हिंसाका घटना बढ्दै जाँदा र आर्थिक अभावका कारण जटिल समस्यालाई समाधान गर्न गाह्रो भएकाले यस बिषयमा थाहा नगरपालिकाले आफ्नो कार्यक्रममा पार्नु पर्ने उनले औंल्याइन् ।

मकवानपरका बिभिन्न सहरी स्थानहरूमा यस बर्ष पनि नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म महिला हिंसा बिरूद्धका अभियानहरू हुँदा उत्तरी मकवानपुरको थाहा नगरमा भएको यो समस्या प्रति किन ध्यान गएन त थाहा नगरपालिकाको ? जवाफमा नगर प्रमुख लबसेर बिष्ट भन्छन् 'कार्यक्रम गर्न १६ दिने अभियान नै आवश्यक छैन, संघ संस्थाहरू समन्वयमा आउदा कार्यक्रमहरू गर्न नगरपालिका तयार रहेको छ ।'

सस्थाले पहिला महिला तथा बालबालिका कार्यालयसंग समन्वय गर्दै कार्य गदै आएकोमा हाल स्थानीय निकायमा नै बजेट आएकोले आश्रय स्थल मार्फत नगरपालिकामा पटक पटक प्रसतव पेश गर्दा पनि बजेट बिनियोजन नगरेको संस्थाका सदस्य तुलसा बिष्टले गुनासो गरिन् । उनको गुनासोमा सम्बोधन गर्दै नगर प्रमुख विष्ट भन्छन् 'बजेट बिनियोजन भैसके पछि मात्र प्रस्ताव आएको कारण बजेट बिनियोजन गर्न नसकिकएको हो, अहिले पनि भर्खरै मात्र प्रपोजल आएको छ र अब बैठक मार्फत बजेटको लागि प्रयास गर्छौं ।'

'लैंगिक हिंसा अन्त्यको लागि सबै जुटौं, कोही नछुटौं' भन्ने मुल नाराको साथमा यस बर्षको महिला हिंसाविरूद्धको १६ दिने अभियान डिसेम्बर १० मा सम्पन्न भएको थियो । नेपालमा पनि सन् २०१० देखि यो दिवस मनाउन थालिएको हो ।

# छसय घर पुनर्निर्माणको कार्यप्रगति समीक्षा

◆ विकास संवाददाता

उत्तरी मकवानपुरमा रहेको राडो नेपालले आफनो कार्य प्रगतिको समिक्षा बैठक सम्पन्न गरेको छ । टियर फन्डको आर्थिक सहयोग तथा राडो नेपालको प्राविधिक तथा सामाजिक सहजीकरणमा २०७२ बैशाखको विनाशकारी भुकम्पपछि मकवानपुरको साविक आग्रा र टिष्टुङ गाविसमा निर्माण भएका ६ सय घरहरूको कार्य प्रगति समिक्षा बैठक भएको हो ।

कार्यक्रममा नगरप्रमुख लवशेर बिष्टले सस्थांले सरकारले गरेको कार्यमा हातेमालो गर्दै अगाडि बढेको र आगामी दिनमा पनि यसरी काम गर्न पाउने अपेक्षा रहेको र भुकम्प पछिको पुनः निर्माणका काम सरकारले भन्दा अगाडि सञ्चालन गरेर नियमित अनुगमनमा सम्पन्न गरेकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा थाहा ७, ८, र ११, १२ का वडा अध्यक्षहरूले बाँकी रहेको अन्तिम किस्ता बापतको ५० हजार रूपियाँ आउने वा नआउने ? आउने भए कैले आउने भन्ने गुनासो व्यक्त गरेका थिए भने गुनासोलाई सम्बोधन गर्दै राडो नेपालका अध्यक्ष कृष्ण घितालले भने 'लाभग्राहीलाई दिन बाँकी ५० हजारको लागि सरकार

> राडो नेपालका अध्यक्ष कृष्ण घितालले भने "लाभग्राहीलाई दिन बाँकी ५० हजारको लागि सरकार संग समन्वय भैर हेको छ, केही दिनमा नै यसको टुङ्गो लाग्ने छ ।"

संग समन्वय भैरहेको छ, केही दिनमा नै यसको टुङ्गो लाग्ने छ ।' सो रकमको टुङ्गो लगाएर मात्र संस्थाको फिल्ड अफिस पालुङबाट बिदा हुने उनले प्रतिवद्धता व्यक्त गरे ।

राडो नेपालको आयोजनामा भएको कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख लवशेर बिष्ट, उपप्रमुख खड्ग गोपाली, १२ वटा वडाका वडा अध्यक्ष, राडो नेपालका अध्यक्ष कृष्ण घिताल, प्राविधिक विश्वास ढकाल, मनोज जमरकट्टेल, प्रतिवेदक अधिकृत पारष घिमिरे, सामाजिक परिचालक राजन दाहाल, रोजिता दगांल लगायतको उपस्थिति रहेको थियो ।

राडो नेपालका सामाजिक परिचालक राजन दाहालले सञ्चालन गरेको कार्यक्रममा प्राविधिक अधिकृत विश्वास ढकालले हालसम्मको प्रगति विवरण पेश गरेका थिए ।

राडो नेपालले टियर फण्डको सहयोगमा टिस्टुङमा नेपालमै पहिलो पटक भूकम्प प्रतिरोधी नमुना घर बनाएको थियो ।



# यस्तो छ, रुपै मोहनीको नयाँ रेकर्ड

फिल्म 'शत्रु गते'को 'रूपै मोहनी' बोलको गीतले नयाँ रेकर्ड बनाएको छ । नेपालमा अहिलेसम्म कुनै पनि नेपाली गीतले युट्युबमा पाउन नसकेको 'भ्यूअर्स'को रेकर्ड फिल्म 'दुई रूपैयाँ'मा समावेश गीत 'कुटुमा कुटु'को नाममा छ । यो गीतले युट्युबमा ४ करोड 'भ्यू' पाएर किर्तिमानी रेकर्ड बनाएको छ । यस्तै, सबैभन्दा छिटो अर्थात्, २४ घण्टामा फिल्म 'छक्का पञ्जा २' को 'नाइलनको साडी'मा बोलको गीतलाई युट्युबमा ८ लाख पटक हेरिएको थियो ।

यो रेकर्ड अब फिल्म 'शत्रु गते'को गीतले तोड्ने छनक देखाएको छ । 'नाइलनको साडी'मा बोलको गीतको रेकर्ड भने 'रूपै मोहनी'ले १२ घण्टा नपुग्दै तोडेको छ । यो गीतलाई इन्टरनेट रिलिजको १२ घण्टामा साढे ८ लाखभन्दा बढी पटक हेरिएको छ । यसअघि यो 'भ्यूज' कुनै पनि नेपाली गीतले युट्युबमा पाउन सकेका थिएनन् । अहिले यो गीत नेपालको युट्युब ट्रेन्डिङ नम्बर २ मा पर्न सफल भएको छ ।

अंग्रेजी नयाँ वर्षको अवसर पारेर सार्वजनिक गरिएको गीतमा शब्द लोकराज अधिकारीको रहेको छ भने यसमा संगीत टंक बुढाथोकीले दिएका छन् । गीतलाई टंकले मीना निरौलासंग संयुक्त रूपमा गाएका छन् । कविराज गहतराजको नृत्य निर्देशनमा तयार भएको गीतलाई दिर्घ गुरूङले खिचेका हुन् ।



हरिवंश आचार्य, दीपकराज गिरी, दीपाश्री निरौला, पल शाह, आँचल शर्मा, प्रियंका कार्की लगायतका कलाकारहरूको उपस्थिति भएकै कारण पनि फिल्मको हाइप बढ्दो छ । यस गीतमा तीन पुस्तालाई देखाइएको छ । गीतमा हरिवंश र दीपा, दीपक र प्रियंका तथा पल र आँचलको जोडीलाई दर्शकले देख्न पाउनेछन् ।

नेपाली फिल्म नगरीमा हरिवंश, दीपक र पललाई तिन पुस्ताको रूपमा पनि हेर्ने गरिन्छ । तराई र काठमाण्डौमा छायांकन गरिएको यो फिल्मलाई चैत्र ९ गते प्रदर्शनमा ल्याइदैछ । यो फिल्म मह सञ्चारको प्रस्तुती र किरण केसीको निर्माणमा बनेको हो । 'शत्रु गते'लाई जात्रा फेम निर्देशक प्रदीप भट्टराईले निर्देशन गरेका हुन् ।



# केकीको ठेकीको दहीलाई १० लाख !

फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हुर्रे'को 'ठेकीमा दही' बोलको गीतलाई युट्युबमा दर्शकले निकै रूचाएका छन् । डिसेम्बर १ मा युट्युब आएको यो गीतलाई करीब ३ हप्तामा १० लाखभन्दा बढी पटक हेरिएको छ । ३ हजार बढी लाइक्स प्राप्त यो गीतको मिडियोलाई कमेन्ट बक्समा दर्शकले उत्साहजनक प्रतिक्रिया दिएका छन् ।

कमेडी शैलीको डान्सिङ नम्बर भएकै कारण गीतलाई रूचाइएको निर्माण पक्षको भनाइ छ । गीतमा नायिका केकी अधिकारीले आफूभन्दा तीन दशक बढी उमेरका राजाराम पौडेलसँग ठुम्का लगाएकी छिन् । गीतको भिडियोमा केकी र राजारामसँगै अर्का मुख्य अभिनेता अंकित खड्कालाई फिचर गरिएको छ । फिल्मको सार्वजनिक गीतमा राजनराज शिवाकोटी र मिलन आमात्यको स्वर छ । राजेन्द्र थापाको शब्दमा राजनराजले संगीत भरेका छन् । राजन इशानको एरेञ्ज छ । विक्रम स्वाँरले नृत्य निर्देशन गरेका छन् । यम थापाको लेखन निर्देशनमा बनेको फिल्ममा अनुपबिक्रम शाही, संगीता नापित लगायतका कलाकारहरूको पनि अभिनय छ । दावा शेर्पा, सोनम लामा, छिरिङ दोर्जेको निर्माणमा बनेको फिल्मलाई चन्दन दत्तले सम्पादन गरेका छन् ।

फिल्ममा केकीले पशुपतिमा फूल बेच्ने यूवतीको भूमिका निर्वाहा गरेकी छिन् । यस्तै, अनुपबिक्रम पशुपति मन्दिरमा पुजापाठ गर्ने पण्डित बनेका छन् ।

## पालुङ प्राथमिक स्वास्थ्य केन्द्र

ejg lgdf{0f ;ldlt

थाहा–४, मकवानपुर

## आम्दानी र खर्च विवरण

**आम्दानी**

थाहा नगरपालिका:
रु. १९,७३,१२०।–
च्वाइस नेपाल : रु ५०,००,०००।–
जम्मा : ६९,७३,१२०।–

नोट : सरोकारवाला सबैको जानकारीको लागि यो विवरण सार्वजनिक गरिएको छ । पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माणको सम्बन्धमा यो मध्यावधि हिसाव हो । यसमा २०७४।०१।०४ देखि २०७४।०८।१५ सम्मको हिसाव समावेश गरिएको छ ।

**खर्च**

| | |
|---|---|
| कन्ट्र्याक्टर | : १५,५०,०००। |
| हार्डवेयर | : ३५,००,०००। |
| डोजर, टयाक्टर | : २,४५,१२०।– |
| बिकी | : ८,०२,१६६।– |
| सगुन प्लाई | : १,९५,१२३।– |
| स्टोर रुम भाडा | : १२,०००।– |
| बिजुली | : १,३०,०००।– |
| ट्रस | : १,२०,०००।– |
| सूर्य लामा | : ३१,३००।– |
| राजु | : ११,०००।– |
| प्लम्बिङ | : ५०,०००।– |
| विविध | : २,५७,०४१। |
| एबीबीएस शुल्क | : १३९०।– |
| बैंक मौज्दात | : ६७,९७२।– |
| जम्मा | : ६९,७३,१२०। |

## सदस्यता नवीकरण सम्बन्धी सूचना

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको पत्रानुसार यस नेपाल पत्रकार महासंघ मकवानपुर शाखामा आबद्ध सम्पूर्ण साधारण सदस्यहरुको यही पुस मसान्तभित्र सदस्यता नवीकरण गर्नुपर्ने भएकोले उल्लेखित आवश्यक कागजात र तोकिएको रकमसहित पुस २५ गतेभित्र तोकिएका सम्बन्धित व्यक्तिसँग आवेदन फाराम र तोकिएको रकमसहित सम्पर्क राख्नुहुन अनुरोध छ ।

सदस्यता नवीकरण शुल्क: रु १,२००/-

**आवश्यक कागजात:**

१) एक वर्षअघि प्रकाशित प्रशारित समाचार सामाग्री
२) कार्यरत सञ्चार माध्यमको सिफारिस
३) महासंघले तयार पारेको नवीकरण फाराम सहित २ प्रति फोटो

सम्पर्क व्यक्ति: सुदीप शिवाकोटी (कोषाध्यक्ष): ९८५५०७०२३६
चन्द्र घलान (सदस्य): ९८४५५३५२१२
पुष्पराज अधिकारी (सदस्य): ९८४५२६९९७३

**नेपाल पत्रकार महासंघ मकवानपुर**


नयाँ व्यवस्थापनसहित शीघ्र खुल्दैछ...

दामन भ्यू टावर एण्ड रिसोर्ट



;Dks{ e/t ufjfnL

मोवाइल नं. ९८५११२५७०८

होटल प्रकाश इन्टरनेशनल
प्रा. ली. द्वारा सञ्चालित



:sfe6/ /fn/
6ofS6/ l6k/

निर्माणसम्बन्धी सम्पूर्ण सेवा

बी . एण्ड पी. निर्माण सेवा

थाहा-६, बज्रबाराही, मकवानपुर

९८५१०६३९४७(प्रदिप), ९८४५४०४३५५(सुरज)



अनलाईनबाटै

ufpB/sf va/, ca ljZje/

www.bikaskhabar.com

लगअन गर्नुहोस् ।

'तपाई जहाँ, विकासखबर त्यहाँ'
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....

विकासखबर डट.कम.
इमेल:
bikaskhabar@gmail.com


● ljsf; dN6ldl8ofsf nflu k|sfzs :सुरजकुमार भुजेल (९८५५०६८६५५)● ;Dkfbs : कुमार नेगी (९८५५०६८०७०)● ;dfrf/ ;Dkfbs ः अशोकसुजन श्रेष्ठ (९८५५०६८३५३)● sfof{no : थाहा-४, मकवानपुर● db|0f : श्रीया अफसेट प्रेस हेटौंडा ● O{d]n bikaskhabargmail.com